मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# ब्रोकर–सब ब्रोकर सम्झौता पत्र

यो सम्झौता-पत्र ________________________ (ठाउँ) मा, ________________________ (मिति) विक्रम सम्वत्‌मा तदअनुरुपको ई.स ________________________ मा कार्यान्वयन भएको छ।

**ब्रोकरको लागि**

________________________ (ठेगाना) मा कार्यालय रहेको, ________________________ (ब्रोकरको नाम), ________________________ (क्लियरिङ्ग सदस्य रहेको खण्डमा) अन्तर्गत् ________________ (क्लियरिङ्ग सदस्यको कोड), मा दर्ता भएको एक्सचेञ्ज अन्तर्गतको अनुमति प्राप्त ब्रोकर हो जसलाई यहाँ यस पश्चात् "ब्रोकर" भनिने छ र यस सम्झौता पत्रमा सन्दर्भ विरुद्ध नभए सम्म वा अन्यथा अर्थ नलागे सम्म "ब्रोकर" ले ब्रोकरको उत्तराधिकारी, कानूनी प्रतिनिधिहरु वा आधिकारिक व्यक्तिहरु पनि बुझाउने छ।)

**सब-ब्रोकरको लागि**

नाम: ________________________

कम्पनीको नाम (संस्था भएमा): ________________________

सब ब्रोकरको कोड: ________________ ईमेल: ________________________

आधिकारिक व्यक्तिको नाम (संस्था भएमा): ________________________

यहाँ यसपश्चात् "सब-ब्रोकर" भनिने छ र यस सम्झौता पत्रमा सन्दर्भ विरुद्ध नभए सम्म वा अन्यथा अर्थ नलागे सम्म "सब-ब्रोकर" ले सब-ब्रोकरको उत्तराधिकारी, कानूनी प्रतिनिधिहरु वा आधिकारिक व्यक्तिहरु पनि बुझाउने छ।

ब्रोकर र सब-ब्रोकर दुबैलाई व्यक्तिगत रुपमा "पक्ष" र सामुहिक रुपमा "पक्षहरु" भनिने छ।

**जबकि**

क) ब्रोकरले, एक्सचेन्जद्वारा निर्दिष्ट मापदन्ड वा आवश्यकता पूरा गरी यस सम्झौता पत्रमा हस्ताक्षर गरेको कुनै व्यक्ति वा संस्थालाई सब-ब्रोकर लाइसेन्स प्रदान गर्दछ। लाइसेन्स प्राप्त सब-ब्रोकरले मर्कन्टाईल एक्सचेञ्ज नेपाल लिमिटेडको नियमावली, र नीति नियमको अधिनमा रहि कारोबार गर्न, ग्राहक बनाउन वा ग्राहकको तर्फबाट कारोबार गर्न सक्नेछ।

ख) सब-ब्रोकर ब्रोकरसँग लाइसेन्स प्राप्त गर्न इच्छुक छ र सब-ब्रोकरले यस निवेदन प्रक्रियाका लागि आवश्यक सम्पूर्ण कागजातहरु ब्रोकरलाई बुझाएको छ। साथै सब-ब्रोकर मर्कन्टाईल एक्सचेञ्ज नेपाल लिमिटेडको नियमावली, एक्सचेञ्जको नियम, कारोबार तथा राफसाफको नियमहरुको पालना गर्न सहमत छ।

ग) ब्रोकरले यस सम्झौता पत्रको नियम र शर्तहरु तथा एक्सचेञ्जको नियमावली, एक्सचेञ्जको नियमहरुको पालना गर्ने सहमतिका आधारमा सब ब्रोकर लाइसेन्स प्रदान गर्दछ।

**अब पक्षहरु निम्नानुसार गर्न सहमती जनाउँदछन्।**

**१. सब-ब्रोकर लाइसेन्स प्रदान गर्ने:**

१.१ ब्रोकरले सब-ब्रोकरलाई उसको आवेदन पत्र, सब-ब्रोकरद्वारा पेश गरिएको वित्तीय विवरण र सब-ब्रोकरले एक्सचेन्जको नियमावली र नियमहरु पालना गर्ने सहमतिका आधारमा सब-ब्रोकर लाइसेन्स प्रदान गदर्छ। यो लाइसेन्स, यो सम्झौता भएको मिति देखि प्रभावकारी हुनेछ भने यस सम्झौता पत्रका शर्तहरु वा एक्सचेन्ज वा क्लियरिङ्ग हाउसका नियमावली र नियमहरु अनुसार रद्द नभएसम्म जारी रहनेछ।

१.२ सब-ब्रोकरलाई स्वयम आफूले र ग्राहकको तर्फबाट कारोबार गर्न तथा एक्सचेञ्जको क्लियरिङ्ग हाउस मार्फत् गरिएको कारोबारको राफसाफ गराउन अनुमति दिइएको छ।

१.३ सब-ब्रोकरलाई एक्सचेन्जमा कारोबार गर्नका लागि ग्राहकहरु बनाउन अनुमति दिइएको छ। ग्राहकहरुको दर्ता प्रक्रिया पूरा गर्ने, कारोबारका लागि खाता खोल्ने र ब्रोकरसँग दर्ताका लागि सबै औपचारिकताहरु पूरा गर्ने जिम्मेवारी सब-ब्रोकरको रहनेछ।

**२. एक्सचेन्ज, क्लियरिङ्ग हाउस, क्लियरिङ्ग सदस्य र ब्रोकरको अधिकार:**

२.१ एक्सचेन्ज, क्लियरिङ्ग हाउस र क्लियरिङ्ग सदस्यलाई सब-ब्रोकरको कार्यालय निरीक्षण गर्ने अधिकार छ र साथै कुनै पूर्व सूचना बिना सब-ब्रोकरको ग्राहकहरुको खाता, रेकर्ड र दस्तावेजहरु (इलेक्ट्रोनिक भण्डारण पनि) निरीक्षण गर्ने अधिकार छ।

२.२ एक्सचेन्जमा कारोबार अथवा राफसाफका लागि अथवा लाइसेन्स वैध राख्नका लागि यदि सब-ब्रोकरलाई कुनै सेवा प्रदान गरिएको छ वा सेवा प्रदान गर्ने सहमती भएको छ भने सो का लागि सब-ब्रोकरसँग शुल्क माग गर्ने अधिकार एक्सचेन्ज, क्लियरिङ्ग हाउस, क्लियरिङ्ग सदस्य र ब्रोकरलाई छ र माग गरिएको शुल्क सब-ब्रोकरले तिर्नुपर्दछ।

**सब-ब्रोकरको हस्ताक्षर:** ________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ________________

२.३ एक्सचेन्ज र क्लियरिङ्ग हाउसले सब-ब्रोकरका लागि खुला कारोबारमा लिन सक्ने जोखिम सीमा (Exposure Limit) निर्दिष्ट गरिदिनुपर्छ । यस्तो तोकिएको सिमा एक्सचेन्जले आफ्नो स्वविवेकमा कुनै पनि समयमा कम वा बृद्धि गर्न सक्छ । यस सन्दर्भमा एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसले आफ्नो हित संरक्षणका लागि उपाय अपनाउने छ जसमा, थप कारोबार गर्नमा प्रतिबन्ध लगाउने, खुला कारोबारहरु बन्द गर्ने र सब-ब्रोकरको कारोबार सुविधा फिर्ता लिने वा निलम्बन गर्ने जस्ता कुराहरु समावेस हुन सक्छन् ।

२.४ सब-ब्रोकर अथवा सब-ब्रोकरको ग्राहकले मार्जिन, दैनिक mark to market settlement, final settlement वा अन्य कुनै settlement र शुल्क नतिरेमा, एक्सचेन्जको नियमअनुसार क्लियरिङ्ग हाउसलाई सब-ब्रोकर अथवा सब-ब्रोकरको ग्राहकको खुला कारोबार बन्द गर्ने वा परिसमापन गर्ने अधिकार दिइएको छ। यस्तो अवस्थामा एक्सचेन्ज वा क्लियरिङ्ग हाउसलाई कुनै पनि किसिमको क्षति भएमा सो को भरपाई सब-ब्रोकरले गर्नुपर्नेछ। तथापि, माथि उल्लेख भए तापनि ग्राहककै कारणबाट त्यस्तो अवस्था भएको ठहर भए सब-ब्रोकरले सो रकम ग्राहकबाट भरपाई लिन सक्ने अधिकारमा प्रतिकूल असर पर्नेछैन ।

२.५ यदि सब-ब्रोकरले कुनै किसिमको पूर्व निर्धारित शुल्क र रकम नतिरेमा अथवा एक्सचेन्ज र क्लियरिङ्ग हाउसको हित विरुद्ध गई एक्सचेन्जको नियमावली र नियमहरुको उल्लंघन गरेमा एक्सचेन्ज र क्लियरिङ्ग हाउसलाई बिना कुनै पूर्व जानकारी सब-ब्रोकरको कारोबार र राफसाफ सुविधा निलम्बन गर्न र अनुशासनिक कार्वाही गर्न पनि अधिकार दिइन्छ ।

२.६ एक्सचेञ्ज र क्लियरिङ्ग हाउसलाई एक्सचेन्ज र क्लियरिङ्ग हाउसको हित संरक्षणका लागि कुनै प्रक्रिया निर्धारण गर्न, कुनै कार्बाही, आदेश वा निर्देशन दिन र कुनै शुल्क लागु गर्न पनि अधिकार दिइएको छ भने यो सम्झौतामा हस्ताक्षर गरेर सब-ब्रोकरले एक्सचेन्जका त्यस्ता निर्णयहरु स्वीकार्य हुने सहमति जनाउँदछ ।

**३. सब-ब्रोकरलाई मान्य हुने कुराहरु/गर्ने कामहरु:**

३.१ एक्सचेन्जमा हुने कारोबार र कारोबारमा संलग्न जोखिमलाई सब-ब्रोकरले बुझेको छ र कारोबार वा राफसाफको दौरान कुनै पनि घाटा वा दायित्व उत्पन्न भएमा सो को पूर्ण जिम्मेवारी सब-ब्रोकरमा निहीत हुनेछ ।

३.२ सब-ब्रोकरले एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसको नियमावली, नियमहरु, कारोबार र राफसाफ सम्बन्धि नियमहरु र समय-समयमा जारी गरिने नियम, परिपत्र वा मार्गदर्शनहरुको पनि पालना गर्नेछ ।

३.३ कारोबार सुरु गर्न अथवा कायम राख्न र ब्रोकरसँग आफ्नो क्लियरिङ्ग खाता खोल्न वा कायम राख्नका लागि सब-ब्रोकरले ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउसको खातामा एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसले तोकेबमोजिमको, रकम र मार्जिन जम्मा गनुपर्नेछ। आफ्नो ग्राहकको मार्जिन कायम राख्ने पनि सब-ब्रोकरको जिम्मेवारी हुनेछ। यस प्रकारका सम्पूर्ण रकम तथा मार्जिन ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउस तर्फको सम्पूर्ण दायित्वबाट छुटकाराका लागि अनिवार्य हुनेछन् ।

३.४ सब-ब्रोकरले आफ्नो लाइसेन्स वैध राख्न, एक्सचेन्जमा कारोबारका लागि लागू कारोबार शुल्क (कमिसन) वा अन्य सेवा शुल्क पनि तिर्नुपर्दछ ।

३.५ ब्रोकर संरक्षणका लागि आवश्यक परेमा, सब-ब्रोकरको खातामा वा ग्राहकको खातामा रहेका करारहरु किन्न, बेच्न वा बन्द गर्न अधिकार सब-ब्रोकरले ब्रोकर, क्लियरिङ्ग सदस्य र क्लियरिङ्ग हाउसलाई दिन्छ । यस सन्दर्भमा यदि ब्रोकर, क्लियरिङ्ग सदस्य र क्लियरिङ्ग हाउसलाई कुनै प्रकारको आकस्मिक खर्च भएमा सो पनि सब-ब्रोकरले ब्रोकरलाई तिर्नुपर्नेछ ।

३.६ ब्रोकरको पूर्व लिखित सहमति बिना सब-ब्रोकरलाई एक्सचेन्जको नाम प्रयोग गर्न वा विज्ञापन, बजार पत्र, बजार अनुसन्धान रिपोर्ट वा अन्य बिक्री हुने साहित्यका लागि उपयोग वा एक्सचेन्जको नाम/सुविधा सम्बोधन गर्नका लागि प्रकाशित गर्ने वा वितरण गर्ने अनुमति दिइएको छैन ।

३.७ यदि कुनै घटनामा सरकारको कुनै पनि नियामक निकायले सब-ब्रोकर वा आफ्नो ग्राहकलाई निलम्बन वा प्रतिबन्ध गरेको छ भने सब-ब्रोकरले तुरुन्तै एक्सचेन्ज र क्लियरिङ्ग हाउसलाई सूचित गर्नुपर्नेछ र आफ्नो कानुन, निति-नियमको अनुपालन कायम गर्नका लागि, बिना कुनै पूर्व सूचना एक्सचेन्ज र क्लियरिङ्ग हाउसले सब-ब्रोकर र उसका ग्राहकको विरुद्धमा सबै कदमहरु चाल्न सक्नेछ ।

३.८ एक्सचेन्जले निर्धारित गरेको कुनै आधिकारिक पत्र वा अख्तियारनामा ग्राहकले सब-ब्रोकरलाई प्रदान गरेको छ भने सब-ब्रोकरले आफ्नो ग्राहकको तर्फबाट कारोबार गर्न सक्नेछ ।

३.९ दर्ता गर्नु भन्दा पहिले सब-ब्रोकरले आफ्ना ग्राहकहरुलाई कारोबारका सुविधाहरु र अनलाईन कारोबारमा संलग्न उच्च जोखिम र दायित्व बारे शिक्षित गर्नुपर्छ । सब-ब्रोकरले ग्राहकहरुलाई अनलाईन कारोबारका लागि चाहिने इन्टरनेट उपकरणको प्रयोग बारे राम्ररी थाहा भए/नभएको पनि सुनिश्चित गर्नुपर्छ ।

३.१० एक्सचेन्जमा कारोबारका लागि सब-ब्रोकरले ग्राहकलाई कुनै पनि वारंटी, झुटा प्रतिनिधित्व वा प्रदिबद्धता दिनु हुँदैन । आफ्नो ग्राहकको खातामा हुन सक्ने कुनै घाटा वा दायित्वका लागि सब-ब्रोकर मात्र जिम्मेवार हुनेछ ।

३.११ ब्रोकर, क्लियरिङ्ग सदस्य, क्लियरिङ्ग हाउस वा एक्सचेन्जले अनुरोध गरेमा सब-ब्रोकरले आफ्नो बैंक स्टेटमेन्ट प्रदान गर्नुपर्नेछ ।

**४. ब्रोकरको दायित्वहरु:**

४.१ एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसको नियमावलि, नीति-नियम, कारोबार र राफसाफ सम्बन्धि नियम, वा समय-समयमा जारी गरिने नियम, परिपत्र वा दिशानिर्देशहरु अनुसार ब्रोकरले क्लियरिङ्ग हाउस मार्फत् सब-ब्रोकरलाई कारोबार र

**सब-ब्रोकरको हस्ताक्षर:** ______________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ______________________

राफसाफको सुविधा प्रदान गर्नेछ ।

४.२ ग्राहक दर्ता प्रक्रियाका आवश्यकताहरुमा ब्रोकर संतुष्ट भए सब-ब्रोकरले ल्याएको ग्राहकलाई ब्रोकरले दर्ता गर्ने छ र कारोबार तथा राफसाफको सुविधा प्रदान गर्नेछ ।

४.३ ब्रोकरले सब-ब्रोकरको कारोबार लगायतका सबै विवरणहरु गोप्य राख्नेछ र एक्सचेन्ज वा क्लियरिङ्ग हाउस र आवश्यक कानुन बाहेक कुनै पनि व्यक्ति वा संस्थालाई खुलासा गर्ने छैन तर ब्रोकरले सब-ब्रोकरको अनुमति लिएर यस्तो विवरण एक्सचेन्ज/कानुन बाहेक अरु व्यक्ति वा संस्थालाई खुलासा गर्न पाउनेछ ।

४.४ ब्रोकरले उसको सब-ब्रोकर र ग्राहकको सबै कारोबार तथा लेनदेनको अभिलेख राख्नेछ र आवधिक रुपमा वा सब-ब्रोकरले अनुरोध गरे बमोजिम उक्त विवरण उपलब्ध गराउनु पर्नेछ । ब्रोकरले कुनै पनि ढिलासुस्ती बिना सब-ब्रोकरले पाउनुपर्ने कमिसन समेत भुक्तान गर्नुपर्नेछ ।

**५. कारोबारका दायित्वहरु:**

५.१ सब-ब्रोकर र उसका ग्राहकहरुको एक्सचेन्जमा सबै आशिंक वा पूर्ण कार्यान्वयन भएका कारोबारहरु सब-ब्रोकरलाई स्वीकार्य हुनेछ र त्यसको पूर्ण जिम्मेवारी पनि लिनेछ ।

५.२ सब-ब्रोकर वा आफ्नो ग्राहकको कुनै कारणले कारोबारको पुष्टि नभएको अवस्थामा यस्तो अपुष्ट कारोबारमा एक्सचेन्ज वा क्लियरिङ्ग हाउसद्वारा लगाइएको मार्जिन र मार्क-टु-मार्केटका नोक्सान (खुला कारोबारका) सबै सब-ब्रोकरले वहन गर्नेछ । यस्तो अवस्था पुष्टि नभएको कारोबारमा एक्सचेन्ज वा क्लियरिङ्ग हाउसले लगाएको मार्जिन सब-ब्रोकरले ब्रोकरलाई दिनुपर्नेछ । यसका साथै, अपुष्ट कारोबारको दैनिक मार्जिन दायित्व र मार्क-टु-मार्केट नोक्सानहरुका लागि सब-ब्रोकरसँग जमानत वा धरौती लिने/नलिने ब्रोकरसँग विकल्प रहेको छ र यस्तो मार्जिन माग गरेको कारोबार दिनमै ब्रोकरलाई तत्काल बुझाउन सब-ब्रोकर बाध्य हुनेछ ।

५.३ सब-ब्रोकरले यस्तो आवश्यक थप मार्जिन नबुझाएसम्म, ब्रोकरले सब-ब्रोकरलाई नँया कारोबार लिन अनुमति दिने छैन । यदि यस्तो दैनिक मार्जिन, कुनै मार्क-टु-मार्केट घाटा तिर्न सब-ब्रोकर वा उसको ग्राहक असमर्थ भएमा ब्रोकरलाई सब-ब्रोकरको सबै/कुनै कारोबार परिसमापन गर्ने/बन्द गर्ने अधिकार हुनेछ र यस्तो बेला कुनै घाटा भएमा वा वित्तीय शुल्क लागेमा सो खर्च सब-ब्रोकरले वहन गर्नुपर्नेछ ।

**६. कारोबार शुल्क (कमिसन) र सेवा शुल्कको भुक्तानी:**

६.१ सब-ब्रोकर र उसका ग्राहकद्वारा कार्यान्वयन गरेको सबै कारोबारका लागि सब-ब्रोकरले ब्रोकर, क्लियरिङ्ग सदस्य, क्लियरिङ्ग हाउस र एक्सचेन्जलाई कमिसन र सेवा शुल्क तिर्नु पर्छ । कमिसन र सेवा शुल्क वितरण प्रणालीलाई केन्द्रिकरण गरी कुशल सन्चालन गर्न, सब-ब्रोकरले क्लियरिङ्ग हाउसलाई उसको कमिसन/सेवा शुल्कको खाता (यदि छ भने) कायम गर्न र संचालन गर्न निरपेक्ष अधिकार दिएको छ ।

६.२ सब-ब्रोकरले पाउनुपर्ने कमिसन/सेवा शुल्क सम्बन्धी व्यवस्थापन र वितरण गर्न क्लियरिङ्ग हाउसलाई विशेषाधिकार हुनेछ ।

६.३ कमिसन/सेवा शुल्कको वितरण पछि क्लियरिङ्ग हाउसले त्यसको विवरण सब-ब्रोकरलाई प्रदान गनुपर्ने हुन्छ ।

६.४ सब-ब्रोकरले ब्रोकरलाई तिर्नुपर्ने कमिसनको दर दुबैको परस्पर सहमतिमा तय हुनेछ र क्लियरिङ्ग हाउसको स्वीकृतिमा तय गरिएको दरलाई संशोधन गर्ने अधिकार ब्रोकरलाई हुनेछ ।

६.५ यदि एक्सचेन्ज वा क्लियरिङ्ग हाउसले कमिसन वा सेवा शुल्क वृद्धि गर्छ भने, ब्रोकरलाई पनि सब-ब्रोकरबाट पाइरहेको शुल्क सोहि अनुपातमा संशोधन गर्ने अधिकार हुन्छ र सब-ब्रोकरले यसको पालना गर्नुपर्नेछ ।

६.६ यदि सब-ब्रोकरले आफ्नो क्लियरिङ्ग हाउसलाई कारोबार र सेवा शुल्कमा कुनै छुट दिन्छ भने, क्लियरिङ्ग हाउस र एक्सचेन्जले तोकेको लिमिट भन्दा कुनै पनि हालतमा अधिक हुनुहुदैन ।

**७. कर भुक्तानीको दायित्व:**

७.१ नेपाल सरकार वा अन्य कुनै स्थानीय निकायले व्यवसाय संचालनका लागि तत्काल वा पूर्वव्यापी प्रभावमा लगाएको कुनै पनि प्रकारको कर, भ्याट, बिक्री कर, लाइसेन्स शुल्क लागु गरेको छ भने सब-ब्रोकरले त्यस्ता सम्पूर्ण कर तिर्न सहमत छ र त्यसको जिम्मेवारी र दायित्व स्वीकार गर्दछ । सब-ब्रोकरले यस्तो दायित्व र जिम्मेवारीबाट ब्रोकर, क्लियरिङ्ग सदस्य, क्लियरिङ्ग हाउस र एक्सचेन्जलाई मुक्त गर्दछ ।

७.२ नेपाल सरकारको कानुन अन्तर्गत् यदि सब-ब्रोकरलाई तिर्नुपर्ने रकममा कुनै कटौती गर्नु पर्नेछ भने, क्लियरिङ्ग हाउस, क्लियरिङ्ग सदस्य र ब्रोकरले त्यस्तो कटौती गर्नेछ र सोको विवरण सब-ब्रोकरलाई प्रदान गर्नेछ ।

**८. सब-ब्रोकरद्वारा जोखिमको स्वीकार:**

एक्सचेन्जमा गरिने कारोबारसँग सम्बन्धित निम्न ज्ञात जोखिम र अन्य जोखिमहरु सब-ब्रोकरले बुझेको छ र ती जोखिमहरु स्वीकार गर्दछ । तल उल्लेख गरिएका जोखिमहरुले सबै किसिमका जोखिम तथा एक्सचेन्जमा कारोबारका लागि महत्वपूर्ण अन्य पक्षहरुको खुलासा भने गरेको छैन । एक्सचेन्जमा कारोबार गर्नु अघि सब-ब्रोकर आफैले जोखिमलाई बुझ्ने र आंकलन गर्ने प्रयास गर्नुपर्दछ ।

**सब-ब्रोकरको हस्ताक्षर:** ______________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ______________________

८.१ करारको प्रकृति, करारको विवरण, मूल्य, मार्जिन र जोखिमको हद जस्ता विषयहरु बुझेपछि मात्र सब-ब्रोकर आफू कारोबारमा सहभागी हुनुपर्छ र आफनो ग्राहकलाई पनि ती विषयहरु बुझेपछि मात्र कारोबार गर्न अनुमति तथा सल्लाह दिनुपर्छ । कारोबारमा घाटाको जोखिम उल्लेख्य हुन सक्छ र सब-ब्रोकरले आफनो अनुभव, उद्देश्य, वित्तिय स्रोत र अन्य सान्दर्भिक परिस्थितिको प्रकाशमा नै कारोबार गर्न उपयुक्त छ छैन विचार गर्नुपर्छ। त्यसैले, कारोबारका लागि ज्ञान र वित्तीय स्रोतमात्र आवश्यक नभइ आर्थिक र भावनात्मक स्वभाव पनि आवश्यक हुन्छ ।

८.२ आफ्नो र आफनो ग्राहकको तर्फबाट एक्सचेन्जमा गरिएको कारोबारमा कुनै घाटा उत्पन्न भएमा सब-ब्रोकर आफै जिम्मेवार हुनेछ । यसका लागि एक्सचेन्ज, क्लियरिङ्ग हाउस, सदस्य र ब्रोकर जिम्मेवार हुने छैन र पर्याप्त जानकारी नगरइएको वा कारोबारसंग सम्बन्धित सम्पूर्ण जोखिम नबताइएको दाबी गर्न सक्नेछैन । सब-ब्रोकरद्वारा गरिएको हरेक कारोबारको नतिजाका लागि केवल सब-ब्रोकर नै जिम्मेवार हुनेछ ।

८.३ “Leverage को प्रभाव” मार्जिन राशि करारको मूल्य भन्दा कम भएकोले यस्तो लेनदेन वा कारोबारलाई “leveraged” वा “geared” भनिन्छ। कम मार्जिनले कारोबार संचालन हुने भएकोले, प्रमुख लगानी रकमको तुलनामा ठुलो लाभ वा हानि हुने सम्भावना हुन्छ। कारोवारमा लेनदेनले पनि उच्च जोखिम बोक्ने गर्दछ। त्यसकारण सब-ब्रोकर तथा ग्राहकले आफ्नो आर्थिक स्रोत, परिस्थिति, अवस्था ध्यान दिई सावधानीपूर्वक कारोवार गर्नु पर्दछ । मूल्य घटबढ हुँदा, कम समयमै तपाईले साँवा धनको कुनै हिस्सा वा सम्पूर्ण राशी (परिमाण) नै गुमाउन सक्नु हुन्छ। नोक्सानको राशी वास्तविक मार्जिन मूल्यको राशीको परिमाण भन्दा अझ बढी हुन सक्नेछ ।

८.४ कारोबारमा दैनिक सबै प्रकारको अवस्थाको (हिसाव मिलान) फछ्र्यौट हुने गर्दछ। हरेक दिन, खुला कारोबारलाई बन्द सूचिका आधारमा मार्क-टू-मार्केट गरिनेछ । यदि बजार बन्द हुँदाको सुचि तपाईको विरुद्ध भएमा तपाईको हुन सक्ने हानीको परिमाणको रकम जम्मा गर्नुपर्ने हुन्छ। यो धनरासीको परिमाण तपाईलाई दिईएको निश्चित समय सीमा भित्र भुक्तानी गर्नु पर्नेछ र यो सामान्यतया अर्को दिनको कारोवार प्रारम्भ हुनु भन्दा अघि जम्मा गर्नु पर्ने हुन्छ। यदि सब–ब्रोकरले तोकिएको समय सीमा भित्र थप धरौटी रकम जम्मा गर्न असमर्थ भएमा वा सब–ब्रोकरको खातामा जम्मा गर्नु पर्ने रकम बाँकी देखिएमा एक्सचेन्ज वा क्लियरिङ्ग हाउसले सब–ब्रोकरको आंशिक वा पूर्ण रुपमा कारोबार वन्द गर्न सक्नेछ। त्यस्तो अवस्थामा सो वन्द भएको कारणले हुन गएको हानीका लागि सब–ब्रोकर स्वयम जिम्मेवार हुनेछ ।

८.५ बजारको निश्चित अवस्था अन्तर्गत्, सब-ब्रोकरले आफ्नो कारोवार कार्यान्वयन गर्न असम्भव वा कठिनाई महसुस गर्न सक्दछ । उदाहरणका लागि बजारमा तरलताको अभाव अर्को शब्दमा पर्याप्त बोली र प्रस्ताव (bid and offer) को अभाव रहेको, वा सर्किट ब्रेकर आदिको कारणले कारोवार निलम्वन भएको अवस्था ।

८.६ बजारको स्थिरता कायम राख्ने क्रममा एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसले मार्जिन परिवर्तन, करार विवरणमा परिवर्तन वा अन्य अरु कदमहरु चाल्न सक्नेछ। यी कदमहरु विद्यमान खुला कारोबार लागू गर्न सकिनेछ। यस्तो अवस्थामा सब-ब्रोकरलाई मार्जिन थप गर्न वा आफ्नो कारोबारहरु घटाउनु पर्ने हुन सक्छ ।

८.७ सब-ब्रोकरले आफ्नो एक्सचेन्ज, क्लियरिङ्ग सदस्य, क्लियरिङ्ग हाउस र ब्रोकरसँग आफूले गर्न चाहेको करारको विस्तृत विवरण र सोसँग सम्वन्धित दायित्वहरुको जानकारी आफैले माग गर्नु पर्दछ ।

८.८ निश्चित आदेशहरु गर्ने (उदाहरणका लागि “घाटा समाप्त गर्ने आदेश-स्टप लस” वा “अवरोध वा बाधा हटाउने आदेश-स्टप लिमिट”) जसको अभिप्राय निश्चित रकम घाटा हुनबाट सिमित गर्नु हो, यस्तो आदेश प्रभाव पूर्ण नहुन पनि सक्छ किनभने बजारको अवस्थाले तपाईको आदेश कार्यान्वयन हुन असंभव पनि हुन सक्छ। विभिन्न किसिमका कारोबारहरुको समिश्रण गरी बनाइएको रणनिती, सामान्य खरिद वा बिक्रीको रणनिती जतिकै जोखिमपूर्ण हुन सक्छ ।

८.९ बजारको अवस्थाहरु (उदाहरणका लागि तरलताको अभाव भएको अवस्था) र बजारमा निश्चित नियमहरु संचालनमा रहेको अवस्था (उदाहरणका लागि कुनै व्यापारिक करारको सर्किट ब्रेकरको कारणबाट महिनासम्म निलम्वन वा कुनै करारको व्यापारिक कारोवार नभएको अवस्था) आदि अवस्थामा कारोबार परिसमापन/offset गर्न असक्षमताका कारण हानीको जोखिम बढ्न सक्छ ।

८.१० सब ब्रोकरले ब्रोकासँग टाटपल्टेको अवस्थाको सुरक्षा गर्नका लागि धरौटीको रुपमा राखेको नगद रुपैया वा सम्पत्तिको बारेमा सुपरिचित हुनु पर्दछ। सब ब्रोकरले कारोबारका दौरान घाटाका रुपमा गुमाएको रकम फिर्ता पाउन सक्नेछैन। कुनै विवाद उत्पन्न भएमा सोको समाधान एक्सचेन्जको मध्यस्थता नियम मुताविक गरिनेछ ।

८.११ सब ब्रोकरले कारोबार सुरु गर्नुभन्दा पहिले, आफ्नो दायित्वभित्र पर्ने र तिर्नु पर्ने र बुझाउनु पर्ने सबै प्रकारको कारोबार शुल्क/कमिशन र अन्य शुल्कको स्पष्ट विवरण प्राप्त गर्नु पर्दछ। यी तिर्नु र बुझाउनु पर्ने रकम वा शुल्कले खुद आय मा प्रभाव पर्ने छ वा घाटा वढाउन सक्नेछ ।

८.१२ एक्सचेन्जले विद्युतिय कारोबार सुविधा (अनलाईन कारोबार सुविधा) मात्र प्रदान गरेको छ जुन कम्प्युटरमा आधारित आदेश तालिका, कार्यान्वयन, रुजु, दर्ता वा कारोबार राफसाफसँग मात्र सम्वन्धित छ । यी सबै प्रकारका सुविधा र प्रणाली केही समयका लागि काबु बाहिरको परिस्थितिका कारण असफल, अवरोधक वा अप्ठ्यारो वा हानी हुन सक्ने सुविधा र प्रणाली हुन् । त्यस्तो परिस्थितिमा सब ब्रोकरलाई हुन सक्ने वा हुन गएको घाटा फिर्ता पाउन सक्नेछैन ।

**सब-ब्रोकरको हस्ताक्षर:** ______________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ______________________

## ९. क्षतिपूर्ति:

यस सम्झौता पत्र अनुसार वा एक्सचेन्जको नियमावलीका प्रावधान, एक्सचेन्जको नियम र नेपालको कानून अनुसार ब्रोकर, सदस्य, क्लियरिङ्ग हाउस र एक्सचेन्जलाई कारोबार र राफसाफका दौरान लाग्न गएको खर्च ,शुल्क वा सब ब्रोकर टाट पल्टिनाले वा अन्य कारणले उत्पन्न कारोबार दायित्व, सबै प्रकारको क्षति, नोक्सानी, हानी र जरिवाना सबब्रोकरले व्यहोर्नुपर्नेछ ।

## १०. अनपेक्षित परिस्थिति:

क्लियरिङ्ग हाउस र एक्सचेन्जको नियन्त्रण बाहिरको परिस्थिति वा कुनै दैविक कारणले यदि क्लियरिङ्ग हाउसको राफसाफ कार्यमा वा एक्सचेन्जको स्वचालित कारोबार प्रणाली (Automated Trading System) मा कुनै पनि ढिलाइ भएमा, र यसका कारण ब्रोकरले आफ्नो कार्य गर्न ढिलाई/त्रुटि भएमा, असक्षम भएमा वा टाट पल्टेमा ब्रोकर आफ्ना सब ब्रोकर वा उसका ग्राहक वा कुनै तेस्रो पक्षप्रति उत्तरदायी हुने छैन । यदि दैविक कारणले वा नियन्त्रण बाहिरको परिस्थितिका कारणले ब्रोकर, सदस्य, क्लियरिङ्ग हाउस र एक्सचेन्जको कार्यमा बाधा आएमा/काम नै रोकिएमा, ब्रोकरको कार्य सो घटना भइरहँदासम्म निलम्बित गरिनेछ। अरु कार्यहरु सँगै यसमा ब्रोकर, सदस्य, क्लियरिङ्ग हाउस र एक्सचेन्जको नियन्त्रण भन्दा बाहिर रहेका विद्युत, संचार, कम्प्युटर प्रणाली असफल भएमा, युद्ध, आक्रमण, दंगा, हडताल, विद्रोह, क्रान्ति, सैन्य शक्ति वा जफत, आतंकवादी गतिविधिहरु, राष्ट्रवाद, सरकारी प्रतिबन्ध र प्राकृतिक विपत्तिहरु सबै समावेश हुनेछन् ।

## ११. सूचनाहरु:

यस सम्झौताको आवश्यकता अनुसार सबै सूचना तथा संचार विधि लिखित रुपमा हुनेछ भने ती सूचनाहरु व्यक्तिगत रुपमा वा फ्याक्स वा एक्सचेन्जमा दर्ता भएको पत्राचार ठेगानामा निम्न रुपमा पठाइने छ ।

१. ब्रोकरका लागि:

नाम: ____________________

ठेगाना: ____________________

ईमेल: ____________________

२. सब-ब्रोकरका लागि:

नाम: ____________________

ठेगाना: ____________________

ईमेल: ____________________

यो सम्झौता अन्तर्गत् पठाउनु पर्ने कुनै पनि आवश्यक सूचना, पठाइएको/पोस्टिंग भएको मिति देखि ३ दिन भित्र पुगेको मानिनेछ।

## १२. समाप्ति:

१२.१कुनै पक्षले यो सम्झौता समाप्त गर्न चाहेमा अर्को पक्षलाई ३०(तीस) दिनको सूचना दिई सम्झौता समाप्त गर्न सक्नेछन् ।

१२.२यदि सब-ब्रोकर टाठ पल्टिएमा वा लाइसेन्स प्राप्त गर्नका लागि झुटा जानकारी पेश गरेको सावित भएमा वा नेपालको सम्पति शुद्धिकरण कानून विरुद्ध काम गरेको पाइएमा, ब्रोकरले क्लियरिङ्ग हाउससँग पूर्व अनुमति लिई यो सम्झौतापत्रलाई तुरुन्त समापन अथवा खारेज गर्न सक्नेछ ।

१२.३सम्झौता समाप्त गर्ने पक्षले यस्तो समाप्तिको सूचना क्लियरिङ्ग हाउसलाई अलग्गै लिखित रुपमा दिनुपर्नेछ र स्वीकृति प्राप्त गर्नुपर्नेछ । समाप्तिको सूचनासँगै समाप्त गर्ने पक्षले क्लियरिङ्ग हाउसलाई समापन प्रक्रिया अनुमोदन गरेको बोर्ड माइन्यूट पठाउनुपर्छ ।

१२.४ सम्झौता समाप्तिले सम्झौता समाप्तिको मिति पुर्व पक्षहरु द्वारा कार्यान्वयन गरिएको कारोबार र लेनदेनमा कुनै प्रभाव पर्ने छैन र दुवै पक्षहरु बीच यस कारोबार र लेनदेन सम्बन्ध अर्जित भएको अधिकार र दायित्वहरु यस सम्झौताका शर्तहरु अन्तर्गत वा समाप्तिको सूचना पाएपछि एक्सचेन्जले निर्धारित गरेको नियम अनुसार खाताको हिसाब मिलान नभएसम्म जारी रहनेछ ।

१२.५सब ब्रोकरको मृत्यु भएको वा टाट पल्टेको अवस्थामा उत्पन्न भएका वा अन्य कुनै कारणले आफूले कुनै वस्तु खरिद गर्न, विक्री गर्न, कारोवार मिलाउन, भुक्तानी दिन वा लिन असक्षम भएमा ब्रोकरले एक्सचेन्जको स्विकृतीबाट क्लियरिङ्ग हाउसलाई त्यस्तो सब ब्रोकरको कारोवार बन्द गर्ने अनुरोध गर्नेछ र यस्तो अवस्थामा कुनै पनि हानी, रकम, क्षति, वैधानिक र कानूनी शुल्क यदि कुनै तिर्नु/बुझाउनु परेमा वा उपरोक्त क्रियाबाट कुनै भैपरि आउने खर्च भएमा पनि सब ब्रोकर र उसका कानूनी प्रतिनिधी वा उत्तराधिकारी उत्तरदायि हुनेछन् ।

१२.६ब्रोकरको सदस्यता रद्द भएको अवस्थामा, सो ब्रोकरसँग आफनो खाताको हिसाब मिलान गरि सब-ब्रोकरलाई अरु ब्रोकरमा सब-ब्रोकरको खाता हस्तान्तरण गर्ने अधिकार हुनेछ ।

१२.७माथिका बुँदाहरुका अलावा यदि सब-ब्रोकर टाट पल्टेमा वा सब-ब्रोकरले एक्सचेन्जको चासो विरुद्ध वा देशको कानुन विरुद्ध कुनै कार्य गरेमा विना कुनै पूर्व सूचना एक्सचेन्ज, क्लियरिङ्ग हाउस र क्लियरिङ्ग सदस्यले यो सम्झौतापत्रलाई समापन अथवा खारेज गर्न सक्नेछ ।

**सब-ब्रोकरको हस्ताक्षर:** ____________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ____________________

**१३. सम्बद्द कानून र क्षेत्राधिकार:**

१३.१ यस सम्झौता अन्तर्गत गरिएको सबै प्रकारको व्यापार, कारोवार र करार एक्सचेन्जको नियमावली, नियम, उपनियमको अधिनमा रहि गरिएको मानिने छ र यस सम्झौता अर्न्तगत कारोवारका सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरुले कारोवार गरेको स्थान वा सम्झौता कार्यान्वयन गरेको स्थान जहाँ सुकै भएता पनि त्यस्तो विवादको समाधानको क्षेत्राधिकार काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिकाको न्यायालयमा रहने छ ।

१३.२ क्षेत्राधिकारको प्रयोजनका लागि, एक्सचेन्जको अनलाइन कारोबार प्रणाली मार्फत् लिइएको वा कार्यान्वयन भएको सबै कारोबार/लेनदेन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका मै भएको मानिनेछ र यो सम्झौता कार्यान्वयन गरेको स्थान जहाँ सुकै भएता पनि काठमाडौंमा नै भएको मानिनेछ ।

**१४. विवादको समाधान:**

१४.१ मैत्रीपूर्ण समाधान: ब्रोकर र सब ब्रोकरले यस सम्झौता अन्तरगत् उत्पन्न विवाद, दावी मतभेद आदिको समाधानका लागि सौहार्दपूर्ण किसिमबाट सुल्झाउन प्रयत्न गर्ने छन् ।

१४.२ मध्यस्थतता: सम्झौता अन्तर्गत पक्षहरु वीच उत्पन्न कुनै दावी, मतभेद वा अमान्य विवादहरु यदि सौहार्दपूर्ण र मैत्रीपूर्ण वातावरणमा समाधान नभएमा कुनै पनि पक्षले मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेडको मध्यस्थता नियम अनुसार समाधान गर्न सुझाव दिईनेछ ।

त्यस्तो मध्यस्थताका लागि आधिकारिक भाषा अंग्रेजी हुनेछ र मध्यस्थता हुने स्थान एक्सचेन्जको परिसर वा एक्सचेन्जले निर्धारित गरेको स्थान हुनेछ ।

**१५. भाषा:**

पक्षहरुले आफ्नो सुविधा प्रयोजनका लागि र यस सम्झौतामा लेखिएका दफाहरु, धाराहरु व्याख्या तथा परिभाषित गर्न यो सम्झौता अन्य भाषामा अनुवाद गर्न सक्नेछन् र पक्षहरुले उत्पन्न विवाद आपसी समझदारीका आधारमा समाधान गर्न प्रयोग गरेको भाषाका लागि यो सम्झौताको अंग्रेजी भाषाको सम्झौता पत्र मान्य हुनेछ ।

**१६. संशोधन:**

यस सम्झौताका कुनै पनि नियमहरु वा शर्तहरुमा संशोधनका लागि दुबै पक्षको लिखित अनुमोदनका साथै एक्सचेन्जको पनि अनुमोदनको आवश्यक रहने छ ।

**साक्षीको उपस्थितिमा** माथि उल्लिखित मितिमा यो सम्झौता कार्यान्वयन भएको छ ।

**ब्रोकरका लागि:**

नाम: ____________________________________________

हस्ताक्षर: ____________________ छाप/स्ट्याम्प

**सब ब्रोकरका लागि:**

नाम: ____________________________________________

हस्ताक्षर: ____________________ (संस्था भएमा, छाप/स्ट्याम्प)

औंठाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

साक्षी

१.

२.

*द्रष्टव्य: माथि नेपालीमा उल्लेख गरिएको मूलप्रति अंग्रजीको नोटरी पब्लिकबाट भएको नेपाली अनुवाद हो र बजार सहभागीहरूको सहजताका लागि उपलब्ध गराईएको हो । मूलप्रति र अनुवादमा कुनै फरक पर्न गएमा अंग्रेजीको मूलप्रति नै आधिकारिक मानिनेछ ।*